नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

# बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

**(जारी मिति: २०७७-०४-०२ गते बिहान ०७ बजे)**

## नदीहरुको हालको अवस्था (Present River Status)

आजको मापन अनुसार कन्काई, पश्चिम राप्ती, बबईमा बहाव स्थिर छ भने कोशी, कमला, बागमती, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव बढ्दो क्रममा छ तर सबैमा सतर्कता तह भन्दा तलै छ ।

## बाढी पूर्वानुमान (Flood Forecast)

पूर्वानुमान आज : श्रावण ०२ (शुक्रबार) ( बिहान ७ बजे देखि २४ घण्टा)

- आज कोशी, नारायणीमा बहाब सामान्य घटबढ हुने, कर्णाली , महाकाली र यसका सहायक नदीमा बहाब बढ्ने तर सबैमा बहाव सतर्कता भन्दा तलै हुने ।
- आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, तिनाउ, बबई लगायतमा बहाव बढ्ने तर सतर्कता तलै हुने । आज कन्काई , कमला, पश्चिम राप्ती र बबईका केहि स-साना सहायक नदीमा बहाव तुल्नात्मक रूपमा बढ्ने र केहीमा आकस्मिक बहाब हुन सक्ने ।
- आज ईलाम, झापा, पाँचथर, धनकुटा, उदयपुर, भोजपुर, खोटाङ, ओखलढुङ्गा, सिन्धुली, रामेछाप, दोलखा, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, का.उपत्यका, नुवाकोट, रसुवा, धादिङ, लमजुङ, गोरखा, कास्की, स्याङ्जा,गुल्मी, अर्घाखाँची, पाल्पा, बागलुङ, प्युठान, रोल्पा, सल्यान, रूकुम, दाङ, बर्दिया, कैलाली, डोटी, अछाम, सुर्खेत, दैलेख, जाजरकोट, कालिकोट, अछाम, बझाङ, बाजुरा, कञ्चनपुर, डडलेधुरा, बैतडी, दार्चुला र आसपास जिल्ला भई बहने स-साना नदीजलाधारमा क्षणिक मध्यम बर्षा भई आकस्मिक बहाव हुन सक्ने ।

पूर्वानुमान भोलि: श्रावण ०३ (शनिबार) ( बिहान ७ बजे देखि २४ घण्टा)

- भोली कोशी, नारायणी, कर्णाली र महाकालीमा बहाव सामान्य बढ्दो हुने तर सबैमा बहाव सतर्कता भन्दा तलै हुने।
- भोलि कन्काई, कमला, बागमती, पश्चिम राप्ती, तिनाउ, बबई लगायतमा बहाव बढ्ने र यसका केही स-साना सहायक नदीहरुमा बहाब सतर्कता आसपास सम्म पुग्न सक्ने ।
- भोलि **प्रदेश १, बागमती प्रदेश, गण्डकी प्रदेश, प्रदेश ५, कर्णाली र सुदुरपश्चिम प्रदेशको मध्यपहाडी, तराई र चुरे भई बहने स-साना नदीमा बहाव बढ्ने र प्रदेश ५ भई बहने प्राय सबै साना नदीमा आकस्मिक बहाव भई सतर्कता तह आसपास पुग्न सक्ने पूर्वानुमान छ ।**

पूर्वानुमान पर्सी : श्रावण ०४ (आइतबार) ( बिहान ७ बजे देखि २४ घण्टा)

- पर्सी कर्णाली र महाकालीमा बहाव सामान्य बढ्दो हुने तर सतर्कता तलै हुने, कोशी, नारायणी र यसका सहायक नदीमा बहाव उल्लेख्य बढ्ने तथा केही साना सहायक नदीमा बहाब सतर्कता तह आसपास पुग्न सक्ने पूर्वानुमान छ ।
- **पर्सी कन्काई, कमला,बागमती, पश्चिम राप्ती, बबईमा बहाव बढ्ने र सतर्कता तह आसपास सम्म पुग्न सक्ने । पर्सी कन्काई, कमला,बागमतीका केही सहायक नदीमा बहाब सतर्कता देखि खतरा तह आसपास पुग्न सक्ने पूर्वानुमान छ ।**
- **पर्सी प्रदेश १, २, बागमती प्रदेश, गण्डकी प्रदेश र प्रदेश ५ भई बहने स-साना नदीमा बहाव उल्लेख्य बढ्ने र सतर्कता आसपास हुने, प्रदेश २ भई बहने केही साना नदीमा बहाब खतरा तह आसपास हुने पूर्वानुमान छ ।**

## सरोकारवालाका लागि परामर्श (Advisory):

- आज देशका प्रमूख तथा मझौला नदीहरूमा बहाव बढ्ने तर सतर्कता तलै हुने पुर्वानुमान रहेकाले तटिय क्षेत्रका कृयाकलाप सतर्कता साथ गर्न हुन अनुरोध छ ।
- भोलि र पर्सी देशका प्रमूख तथा मझौला नदीहरू कन्काई, कोशी, कमला, बागमती, नारायणी, पश्चिम राप्ती, बबई, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव उल्लेख्य बढ्ने तथा पर्सी बेलुका सम्म कमला, बागमती र यसका सहायक नदीमा बहाव सतर्कता तह आसपास सम्म पुग्न सक्ने पूर्वानुमान रहेकाले नदीतटिय क्षेत्रमा अति उच्च सतर्कता अपनाउनहुन अनुरोध छ ।
- आज ईलाम, झापा, पाँचथर, धनकुटा, उदयपुर, भोजपुर, खोटाङ, ओखलढुङ्गा, सिन्धुली, रामेछाप, दोलखा, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, का.उपत्यका, नुवाकोट, रसुवा, धादिङ, लमजुङ, गोरखा, कास्की, स्याङ्जा,गुल्मी, अर्घाखाँची, पाल्पा, बागलुङ, प्युठान, रोल्पा, सल्यान, रूकुम, दाङ, बर्दिया, कैलाली, डोटी, अछाम, सुर्खेत, दैलेख, जाजरकोट, कालिकोट, अछाम, बझाङ, बाजुरा, कञ्चनपुर, डडलेधुरा, बैतडी, दार्चुला र आसपास जिल्ला भई बहने स-साना नदीजलाधारमा क्षणिक मध्यम देखि भारी बर्षा भई आकस्मिक बहाव हुन सक्ने संभावना भएकाले सतर्कता अपनाईराखौ ।
- (*बाढी पूर्वानुमान बुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेरौं । विभागको ट्विटर पेज: *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेरौं ।

नोट: **पहेलो** रङले **मध्यम जोखिम** रहेको संकेत गर्छ । **रातो** रङले **उच्च जोखिमको** संकेत गर्छ ।

**नोटः आगामी श्रावण ४ गते देखि देशैभरका नदीमा बहाव बढ्ने, श्रावण ५-९ सम्म कन्काई, कोशी, कमला, बागमती, नारायणी, तिनाउ, पश्चिम राप्ती, बबई र यसका सहायक नदी लगायत प्रदेश १, २, बागमती, गण्डकी र प्रदेश ५ को चुरे र तराई भई बहने नदीमा बहाव उल्लेख्य बढ्ने र केहिमा सतर्कता आसपास सम्म पुग्न सक्ने मध्ययम संभावना रहेकाले नदीतटिय क्षेत्रका कृयाकलापमा श्रावण ४ गते पछि सतर्कता अपनाऔ । आगामी ५ दिन सम्म बाढी पूर्वानुमान र मौसम पूर्वानुमान बारे जानकारी लिईराखौ ।**

# *Forecast References:*

1) *Real Time Ground Observation System for Rainfall (around 120 stations) and Water levels(Around 85 Stations) under Flood Forecasting Section, DHM*

   http://hydrology.gov.np/#/river_watch?_k=6oxgcv

   http://hydrology.gov.np/#/rainfall_watch?_k=407hry

2) *MFD Rainfall Forecast*

## जल तथा मौसम विज्ञान विभाग

**मौसम पूर्वानुमान बुलेटिन** (Weather Forecast Bulletin)

(जारी मितिः २०७७-०४-०२, बिहान ०६:०० बजे)

**मौसम विश्लेषण (Meteorological Analysis):-**

हाल नेपालभर मनसुनी वायु को प्रभाव छ । साथै मनसुनी न्युन चापीय रेखा नेपालको तराई भूभाग देखि केही दक्षिण तिर अवस्थित छ।

**हालको मौसमको अवस्था (Present Weather Status):**

देशभर सामान्य बदली रही केही स्थानहरुमा हल्का वर्षा भईरहेको छ।

**आगामी तीन दिनको मौसम पूर्वानुमान**

**साउन २ गते (शुक्रबार)**

दिउँसोः देशभर सामान्य बदली रही केही स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ ।प्रदेश १, बागमती प्रदेश, गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशका एक-दुई स्थानहरुमा भारी वर्षाको समेत सम्भावना रहेको छ ।

राती : देशभर सामान्य बदली रही धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । गण्डकी, कर्णाली र सुदुर पश्चिम प्रदेशका धेरै स्थानहरुमा भारी वर्षाको समेत सम्भावना रहेको छ।

**साउन ३ गते (शनिबार)**

दिउँसोः देशभर सामान्य बदली रही केही स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ ।प्रदेश १, बागमती प्रदेश, गण्डकी प्रदेश, सुदुर पश्चिम र कर्णाली प्रदेशका एक-दुई स्थानहरुमा भारी वर्षाको समेत सम्भावना रहेको छ ।

राती : देशभर सामान्य बदली रही धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशका धेरै स्थानहरुमा र प्रदेश १, बागमती प्रदेश, प्रदेश २ का एक-दुई स्थानहरुमा भारी वर्षाको समेत सम्भावना रहेको छ।

**साउन ४ गते (आइतबार)**

दिउँसोः देशभर सामान्य बदली रही धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ ।बागमती प्रदेश, गण्डकी प्रदेश, प्रदेश ५, कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशका धेरै स्थानहरुमा भारी वर्षाको समेत सम्भावना रहेको छ ।

राती : देशभर पूर्ण बदली रही धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश १, बागमती प्रदेश, गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशका केही स्थानहरुमा र प्रदेश २ र प्रदेश ५ का एक-दुई स्थानहरुमा भारी वर्षाको समेत सम्भावना रहेको छ।

**आगामी २४ घण्टाका लागि चेतावनी तथा परामर्श (Warning/Advisory for next 24 hours):**

देशका केही स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना छ साथै प्रदेश १, बागमती प्रदेश, गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशका एक/दुई स्थानहरुमा भारी वर्षा (Heavy Rain) समेत हुन सक्ने भएकोले सामान्य सतर्कता अपनाउन हुन अनुरोध छ ।

3) *RIMES Rainfall Forecast*
4) *NCMWRF Rainfall Product:*
5) *Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)*
6) *Flood Forecast –Bagmati, Koshi and West Rapti (MIKE-11, NAM)*
7) *Probabilistic Forecast for short lead time in major river system(Based on real time observation)*
8) *GLOFAS forecast*
9) *Tethys Forecasting Platform( Stream Flow Prediction Tool and HIWAT tool for Nepal ( 3 days forecast for small rivers)*
10) *Regional Floodoutlook –Ganges-Brahmaputra Basin*
11) *SouthAsia Flash Flood Guidance System (Nepal): Rainfall Forecast for 24 Hour*
12) *Other Global Flood Forecasts*
13) *Satellite Cloud Picture*
14) *Etc…*

## थप जानकारीको लागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिन पछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट: www.hydrology.gov.np लग अन गरी हेर्नसक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट www.hydrology.gov.np मा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होलाकी नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्वसूचना यस विभागको आधिकारिक ट्विटर : Nepal Flood Alert (नेपाल बाढी सूचना) र फेसबुक: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्नसक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जोकोहीले ११५५ डायल गरेर बाढी संबन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।